# प्रदेश सरकार
## सामाजिक विकास मन्त्रालय
प्रदेश नः १, बिराटनगर, नेपाल

☎०२१-५३४६२८
ई-मेल : mosdprov1@gmail.com


प.सं. : २०७५।०७६
च.नं. ३५८६

मिति : २०७६।०३।१७

---

श्री स्थानीय तह (म.न.पा/उप.म.न.पा/न.पा./गा.पा.)
प्रदेश नं.१का सबै ।

**विषयः आवश्यक सहयोग गरिदिनुहुन ।**

**प्रस्तुत विषयमा "प्रदेशको समृद्धिका लागि रोजगारीको अभियान"** भन्ने मूल नाराका साथ एकै स्थानमा रोजगारदाता र बेरोजगार जनशक्ति विच प्रत्यक्ष भेट गराई रोजगारी प्रदान गर्ने उद्देश्य अनुरूप सामाजिक विकास मन्त्रालय, प्रदेश नं.१,विराटनगरले निम्न मिति, समय र स्थानमा आयोजना गर्न लागिरहेको प्रथम प्रादेशिक रोजगार मेलामा सहभागी हुनका लागि त्यस स्थानीय तहमा रहेका इच्छुक बेरोजगार जनशक्तिलाई मन्त्रालयको वेवसाईट mosd.p1.gov.np मा रहेको रोजगारी आवेदन फारम **मिति २०७६ असार १७ गते देखि २०७६ असार २४ गते साँझ ५:००बजे सम्ममा** भर्ने/भराउने कार्य गरी सहयोग गरिदिनुहुन तहाँ स्थानीय तहलाई पत्राचार गर्ने भनी मन्त्रालयको मिति २०७६।०३।१६ गतेको (मा.मन्त्रिस्तरीय) निर्णय भएकाले तहाँका **रोजगार संयोजकलाई परिचालन गरी** फारम भर्ने /भराउने कार्यमा सहयोग गरी कार्यक्रमलाई सफलतापूर्वक सम्पन्न गर्न फारम भरेका जनशक्तिलाई उक्त कार्यक्रमका दिन सहभागी हुन पठाइदिनुहुन समेत अनुरोध गरिन्छ ।

**निम्न :**
मिति : २०७६।०३।२८ गते शनिवार
समय : विहान ८:००बजे देखि ५:००बजे सम्म
स्थान : जैन भवन ,विराटनगर मेनरोड

२०७६/३/१७

..................
सदानन्द भट्टराई
अधिकृत सातौं(प्रशासन)
श्रम तथा रोजगार शाखा
अधिकृत सातौं

प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
प्रदेश नः १, बिराटनगर, नेपाल
☎०२१-५३४६२८
ई-मेल : mosdprov1@gmail.com

# सूचना

**"प्रदेशको समृद्धिका लागि रोजगारीको अभियान"** भन्ने मूल नाराका साथ एकै स्थानमा रोजगारदाता र बेरोजगार जनशक्ति विच प्रत्यक्ष भेट गराई रोजगारी प्रदान गर्ने उद्देश्य अनुरूप सामाजिक विकास मन्त्रालय, प्रदेश नं.१ ले **निम्न मिति ,समय र स्थानमा** आयोजना गर्न लागिरहेको प्रथम प्रादेशिक रोजगार मेलामा सहभागी हुनका लागि इच्छुक व्यक्तिले मन्त्रालयको वेवसाईट mosd.p1.gov.np मा गई यही **मिति २०७६ असार १७ गते देखि २०७६ असार २४ गते साँझ ५:००बजे सम्ममा** रोजगारी आवेदन फारम भर्न सकिने व्यहोरा सबैमा जानकारी गराइन्छ ।साथै **तपसिलका कागजात** सहित सामाजिक विकास मन्त्रालय, प्रदेश नं.१ विराटनगर र प्रदेश नं.१का सबै स्थानीय तहमा समेत गई अनलाइन फारम भर्न सकिने व्यहोरा जानकारी गराइन्छ ।

**निम्न**

मिति :२०७६।०३।२८ गते शनिवार
समय : विहान ८:०० बजे देखि ५:०० बजे सम्म
स्थान : जैन भवन, मेनरोड विराटनगर ।

तपसिलका कागजात

- ✓ नागरिकताको सक्कल प्रति (सबै आवेदकका लागि अनिवार्य)
- ✓ शैक्षिक योग्यताको प्रमाण-पत्रको सक्कल प्रति (SEE/SLC वा सो भन्दा माथि शैक्षिक योग्यता भएका आवेदकका लागि मात्र अनिवार्य)
- ✓ सीप/तालिम लिएको प्रमाण -पत्रको सक्कल प्रति (सीप/ तालिम लिएका आवेदकका लागि मात्र अनिवार्य)
- ✓ अनुभव सम्बन्धी प्रमाणपत्रको सक्कल प्रति (कामको अनुभव भएका आवेदकका लागि मात्र अनिवार्य)

अधिकृत सातौं